# विपद् जोखिम न्यूनीकरण प्रादेशिक नीति, २०७७

प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

गण्डकी प्रदेश, पोखरा

आषाढ २०७७

विषयसूची


१. पृष्ठभूमि ........................................ १

२. दीर्घकालीन सोच ........................................ १

३. ध्येय ........................................ १

४. लक्ष्य ........................................ २

५. उद्देश्यहरू ........................................ २

६. अवधारणा ........................................ २

७. नीति ........................................ ३

८. नीतिको कार्यान्वयन ........................................ ८

९. समन्वय, अनुगमन तथा मूल्याङ्कन ........................................ ९

१०. नीति पुनरावलोकन ........................................ १०

# विपद् जोखिम न्यूनीकरण प्रादेशिक नीति, २०७७

## १. पृष्ठभूमि

नेपालका सातओटा प्रदेशमध्ये मध्य भूखण्डमा अवस्थित गण्डकी प्रदेश नेपालको मानचित्रमा प्रमुख पर्यटकीय क्षेत्रको रूपमा परिचित छ । अधिकांश भूक्षेत्र हिमाल र पहाडमा पर्ने गण्डकी प्रदेशभित्र अन्नपुर्ण, धौलागिरी, माछापुच्छ्रे, निलगिरी र मनास्लुजस्ता प्रशिद्ध हिमश्रृङ्खला रहेका छन् । प्रदेशको राजधानी पोखरा, मनास्लु संरक्षण क्षेत्र, मुस्ताङ र कागवेनी, मुक्तिनाथ क्षेत्र, देवघाट, ढोरपाटन, मनकामना र विन्ध्यवासिनी मन्दिर, गोरखा दरबार, घलेगाउँ, बागलुङ भगवती, बागलुङस्थित शालीग्राम सङ्ग्रहालय आदि प्रदेशका चर्चित पर्यटकीय क्षेत्र हुन्।

गण्डकी प्रदेश जलस्रोतका दृष्टिले धनी र रसिलो छ । यस प्रदेशमा फेवा, बेगनाश, रुपाताल लगायत थुप्रै तालहरू छन् भने सेती, कालीगण्डकी, बुढीगण्डकी, मर्श्याङ्दी, मोदी, मादी, दरौंदी, आँधीखोला, बडीगाढ र उत्तरगङ्गा प्रमुख नदी रहेका छन् ।

गण्डकी प्रदेश देशका अन्य प्रदेशजस्तै बहूविपद्को जोखिममा छ । वि.सं. २०६८ देखि २०७५ सम्मको अवधिमा गण्डकी प्रदेशका ११ ओटा जिल्लामा १८ प्रकारका १,३४८ प्रकोपका घटना भएको अभिलेख छ। प्रदेशमा विशेषगरी आगलागी, सडक र हवाइ दुर्घटना, संरचना भत्किनेजस्ता मानवीय कमजोरी र प्रविधिजन्य विपद्, पहिरो, बाढी हिमपहिरो, हिमताल विष्फोटनबाट उत्पन्न बाढी, भीषण वर्षा, लेक लाग्ने, चट्याङ, हावाहुरी, आँधीलगायतका जलवायुजन्य विपद् र भूकम्प, पहिरोजस्ता भौगर्भिक र महामारीजस्ता जैविक प्रकोपसँग सम्बन्धित घटनाहरू हुने गरेका छन् ।

प्रदेशको विपद् जोखिम संवेदनशीलता र नेपाल सरकारबाट निर्माण भएको विपद् जोखिम राष्ट्रिय रणनीतिक कार्ययोजनाको लक्ष्यका साथै २०७६ साल वैशाख २२ गतेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषदले गरेको निर्णयअनुरुप यस प्रदेशको विपद् जोखिम न्यूनीकरणका लागि नीतिगत व्यवस्था गर्नु बाञ्छनीय भएकोले यस प्रदेशले "विपद् जोखिम न्यूनीकरण प्रादेशिक नीति, २०७७" तर्जुमा गरेको छ ।

## २. दीर्घकालीन सोच

विपद् उत्थानशील तथा जलवायुमैत्री प्रदेशको विकास गर्दै दिगो विकासमा योगदान गर्नु ।

## ३. ध्येय

विपद् र जलवायुजन्य जोखिम न्यूनीकरण गरी सम्भावित क्षति र नोक्सानी घटाउँदै समयानुकूल तथा सन्तुलित रूपमा प्रदेशको उत्थानशीलता अभिवृद्धि गर्नु ।

## ४. लक्ष्य

विपद् र जलवायुजन्य जोखिमका साथै स्थानीय तथा विश्वव्यापी महामारीलगायतका स्वास्थ्यसम्बन्धी समस्याका कारण हुने मानवीय मृत्यु र प्रभावितको सङ्ख्या न्यून गर्दै स्वास्थ्य, शिक्षा र जीवन निर्वाहका स्रोत तथा साधनलगायतका आधारभूत पूर्वाधार र सेवामा हुने गरेको अवरोध, प्रत्यक्ष वा अप्रत्यक्ष क्षति र नोक्सानी घटाएर जलवायुमैत्री र विपद् उत्थानशील प्रदेशको निर्माण गर्नु ।

## ५. उद्देश्यहरू

विकासका विषयगत क्षेत्रमा विपद् र जलवायु परिवर्तनबाट पर्ने प्रतिकूल प्रभाव न्यूनीकरण एवं अल्पीकरणका माध्यमबाट मानिसको जीवन, सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन, उत्पादनका साधन, भौतिक तथा सामाजिक पूर्वाधार, साँस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षति कम गरी प्रदेशको उत्थानशीलता अभिवृद्धि गर्नु यस नीतिको प्रमुख उद्देश्य रहेको छ ।

यस नीतिका सहायक उद्देश्य देहायबमोजिम रहेका छन्:

५.१. प्रदेशमा विपद् व्यवस्थापन सूचना प्रणाली र बहूप्रकोप पूर्वसूचना प्रणालीको विकास गरी समाजका सबै वर्ग, क्षेत्र र तहमा विपद् र जलवायुजन्य जोखिमसम्बन्धी समान बुझाइको विकास गर्ने,

५.२. समावेशी विपद् जोखिम शासकीय पद्धतिलाई सुदृढ बनाउने,

५.३. प्राकृतिक स्रोतको क्षति र कार्बन उत्सर्जनका कारण उत्पन्न बहू-विपद्को जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका कार्यलाई अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजनासहित वार्षिक तथा आवधिक विकास योजनामा मूलप्रवाहीकरण गर्ने,

५.४. साझेदारीका माध्यमबाट सार्वजनिक तथा निजी लगानी अभिवृद्धि गरी विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनका कार्यलाई प्रभावकारी बनाउने,

५.५. विपद् प्रतिकार्य एवं पुनर्लाभ र पुनर्निर्माणमा “अझ बलियो र अझ राम्रो” अवधारणा अवलम्बन गरी सुदृढ पूर्वतयारीमार्फत् पुनःस्थापनाका कार्यलाई प्रभावकारी बनाउने ।

## ६. अवधारणा

विपद् जोखिम न्यूनीकरण प्रादेशिक नीति देहायका अवधारणाअनुरूप विकास गरिएको छ :

६.१. नेपालको संविधान र कानूनले निर्धारण गरेको भूमिका र जिम्मेवारीबमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यमा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्यको सिद्धान्त अवलम्बन गर्ने ।

६.२. संघीय सरकारबाट भएका निर्णयअनुरूप विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणका माध्यमबाट प्रदेशलाई विपद् तथा जलवायु उत्थानशील बनाउने ।

६.३. प्रदेशमा हुने बहू-प्रकोपको पहिचान गरी सार्वजनिक र निजी लगानी अभिवृद्धि गर्दै विपद्को जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

६.४. प्रदेश, स्थानीय तह र सरोकारवालासहित नागरिकको प्रत्यक्ष सहभागितामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सिद्धान्त अनुरुप स्थानीय ज्ञान, सीप, स्रोत र साधनको प्रबर्द्धनसहित नवप्रवर्तनमुखी प्रविधिको प्रयोग गरी विपद् उत्थानशीलता अभिवृद्धि गर्ने ।

६.५. विपद् प्रतिकार्य, पुनर्लाभ, पुनर्निर्माण र पुनःस्थापनमा "अझ  बलियो र अझ राम्रो" निर्माणको अवधारणालाई अवलम्बन गर्ने ।

## ७. नीति

विपद् जोखिम न्यूनीकरणका माध्यमाट प्रदेशको विपद् उत्थानशीलता अभिवृद्धि गर्दै दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि प्रदेशले देहायका नीति अवलम्बन गर्नेछ :

१. प्रदेशका सबै तहको विपद् जोखिम लेखाजोखा एवं नक्साङ्कन र अभिलेखीकरण गरी सोको नियमित अनुगमन तथा अध्याविधक गर्ने प्रणालीको विकास गरिनेछ ।

२. प्रकोपको प्रकार र प्रभावका आधारमा स्थान, सामाजिक संरचना एवं स्थानीय भाषाअनुरूप जनचेतना तथा सूचनामूलक सन्देशहरू सम्प्रेषण गरी सबै तह, वर्ग र क्षेत्रमा जनचेतना अभिवृद्धि गरिनेछ ।

३. विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनसम्बन्धी विषयमा पाठ्यक्रम विकास गरी विद्यालय तहमा पठन पाठन गर्ने नीति अवलम्बन गरिनेछ।

४. बृहत् विद्यालय सुरक्षा अवधारणाअनुरूप विद्यालयको संरचनात्मक तथा गैह्रसंरचनात्मक सुरक्षा सुनिश्चत गरी सुरक्षित सिकाइ वातावरण निर्माण गर्ने नीति लिइनेछ ।

५. प्रदेशका विकासका मुख्य सेवाहरू जस्तै पर्यटन, कृषि, उद्योग, पूर्वाधार, मानव संसाधन र सुशासन क्षेत्रका जोखिमको अध्ययन अनुसन्धान र अन्वेषण गरी सुरक्षित उद्यम संस्कृतिको विकास गरिनेछ ।

६. प्रदेशमा विकास र विपद् जोखिमको अध्ययन तथा अनुसन्धानका लागि विकास साझेदार, प्राज्ञिक निकाय र सार्वजनिक तथा निजी अनुसन्धान केन्द्रहरू एवं सरोकारवालाहरूबीच सहकार्यलाई प्रोत्साहन गरिनेछ ।

७. सङ्कटासन्न समुदायमा रहेको बहुविपद् जोखिम पहिचान गरी प्रकोपको प्रकृति र विपद्को स्वरूपअनुरूप समुदायको उत्थानशील क्षमता अभिवृद्धि गरिनेछ ।

८. समुदायमा आधारित पूर्वसूचना प्रणालीको प्रवर्द्धन गरी स्थानीय तहबीच सञ्जालीकरणका माध्यमबाट सूचना तथा सम्प्रेशण गरी सचेतना अभिवृद्धि गर्ने नीति लिइनेछ ।

९. विपद् जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाउन उपयुक्त संस्थागत संरचनाको विकास तथा सुदृढीकरण गरी आवश्यकताअनुसार क्षमता विकास गरिनेछ ।

१०. प्रदेशस्तरीय विपद् जोखिम न्यूनीकरण कार्यमञ्चको गठन गरी विपद् व्यवस्थापनमा सबै सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ ।

११. प्रदेश स्तरीय विपद् व्यवस्थापन सूचना प्रणाली विकास गरी राष्ट्रिय विपद् व्यवस्थापन सूचना प्रणालीसँग आवद्ध गरिनेछ ।

१२. विपद् जोखिम न्यूनीकरणका लागि भू-विज्ञान, जलवायु विज्ञान, भूकम्प विज्ञान, भौगोलिक सूचना प्रणाली, दूर संवेदन प्रणाली, पूर्वसूचना प्रणालीलगायतका प्रविधि हस्तान्तरणका निमित्त संघीय सरकारसँग समन्वय गरी सबै निकाय तथा स्थानीय तहको पहुँच सुनिश्चित गरिनेछ ।

१३. विपद् जोखिम न्यूनीकरणका सबै क्रियाकलापमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, आर्थिक तथा सामाजिक रूपले पछाडि परेका समुदायको पहुँच, प्रतिनिधित्व तथा प्रभावकारी संलग्नता सुनिश्चित गरिनेछ ।

१४. पशुपन्छी र मानिसमा फैलिनसक्ने माहामारीजन्य रोग निदान तथा नियन्त्रण गर्न आधुनिक प्रयोगशाला सहितको प्रदेश सरुवा तथा सङ्क्रामक रोग अस्पतालको स्थापना, विकास तथा सेवा विस्तार गरी स्वस्थ नागरिकको अवधारणा प्रभावकारी रूपमा कार्यान्वयन गर्ने निति लिइनेछ ।

१५. स्थानीय, राष्ट्रिय र विश्वव्यापी तहका सम्भावित महामारीको पूर्व आँकलन गरी सङ्क्रमण नियन्त्रण गर्ने व्यवस्था गरिनेछ ।

१६. सबै तहमा राष्ट्रिय भवन संहिता तथा भौतिक पूर्वाधार निर्माण मापदण्ड कार्यान्वयन गरिनेछ, साथै स्थानविशेष रूपमा विपद् तथा जलवायु उत्थानशील पूर्वाधार मापदण्डको विकास गरी कार्यान्वयनमा ल्याउने नीति अवलम्बन गरिनेछ ।

१७. विपद् प्रतिकार्यमा सामाजिक सुरक्षाका विशेष कार्यक्रमहरूलाई समाहित गरी सञ्चालन गर्ने निति अवलम्बन गरिनेछ ।

१८. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी क्रियाकलापहरूको प्रभावकारी रूपमा समन्वय, सहकार्य, अनुगमन तथा मूल्याङ्कन गर्न प्रदेश र स्थानीय तहमा भएका संयन्त्र परिचालन गरिनेछ । आवश्यकता बमोजिम प्रदेश समन्वय परिषदलाई सक्रिय गराई माथिल्लो र तल्लो तटीय क्षेत्रमा समेत विपद् जोखिम न्यूनीकरणलाई प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ ।

१९. प्रदेशको आवधिक तथा वार्षिक कार्यक्रम तर्जुमा गर्दा प्रकोपको प्रकृति र अवशिष्ट जोखिम तथा विकासका क्रियाकलापबाट उत्पन्न हुनसक्ने विपद् जोखिम पहिचान गरी न्यूनीकरण सुनिश्चित गरिनेछ ।

२०. विपद् जोखिम न्यूनीकरणलाई प्रदेशका सबै निकाय तथा स्थानीय तहका विषयगत विकास योजनामा मूलप्रवाहीकरण गरी मौजुदा जोखिम घटाउने र नयाँ जोखिम उत्पन्न हुन नदिने व्यवस्था सुनिश्चित गरिनेछ ।

२१. प्राकृतिक प्रकोप र त्यसबाट उत्पन्न हुने विपद् तथा गैरप्राकृतिक विपद्हरूको नियमित रूपमा सूक्ष्म निगरानी र मापन गरी जोखिम न्यूनीकरणका उपायहरूको अवलम्बन गरिनेछ ।

२२. स्थानीय तहहरूमा विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य इकाईको संस्थागत एवं क्षमता विकासका लागि आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्ने नीति लिइनेछ ।

२३. प्रदेशका सबै स्थानीय तहको भूउपयोग योजना तयार गरी जोखिमयूक्त एंव सम्वेदनशील क्षेत्रको संरक्षण एवं जोखिम न्यूनीकरण गर्ने नीति अवलम्बन गरिनेछ।

२४. नियमित विकास कार्यक्रम, योजना तर्जुमा एवं कार्यान्वयनअघि सबै प्रकारका जोखिम र सम्भावित परिणामको प्रक्षेपण गरी प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्बर्द्धन गर्दै विपद् जोखिम न्यूनीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

२५. बाढी तथा पहिरोको जोखिम न्यूनीकरणका लागि जैविक बाँध, वृक्षारोपण, वन संरक्षण, जलाधार संरक्षणलगायतका कार्यलाई प्रोत्साहन गरिनेछ ।

२६. जलवायुमैत्री गाउँ र कृषि कृषिकेन्द्र स्थापना गरी जलवायुमैत्री कृषि प्रविधि र जलवायु अनुकूलित खेती प्रणालीको विकास गरिनेछ ।

२७. विपद् प्रभावित समुदायलाई आवाश, जीविकोपार्जन र आर्थिक विकासका कार्यक्रम सञ्चालन गर्न सरकारद्वारा अनुदान उपलब्ध गराउने तथा बैंक वा वित्तीय सँस्थाहरूमार्फत् सहुलियत कर्जाको व्यवस्था गरिनेछ ।

२८. विपद्पछिको पुनर्निर्माण र पुनःस्थापनाका लागि संघीय सरकार, स्थानीय सरकार, दाता, विकास साझेदार र निजी तथा सार्वजनिक क्षेत्रसँग सहकार्य र साझेदारीलाई प्रोत्साहित गरिनेछ ।

२९. विपद्को जोखिममा रहेका वस्तीहरूलाई भूउपयोग योजनाका आधारमा सुरक्षित स्थानमा स्थानान्तरण गर्ने नीति लिइनेछ ।

३०. खेतीयोग्य जग्गालाई चक्लाबन्दी गरी भूक्षय समेत नियन्त्रण गर्दै भूमिको उर्बरकत्व वृद्धि गरिनेछ ।

३१. नेपाल कृषि अनुसन्धान परिषद्, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान वा प्रदेशमा रहेका गण्डकी विश्वविद्यालय र अन्य अनुसन्धानमूलक निकायहरूको सहयोगमा बाढी, डुवान र खडेरी प्रतिरोधी तथा जलवायु अनुकूलित कृषि प्रणालीको विकास गर्ने नीति लिइनेछ ।

३२. विपद्का कारण आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनमा पर्न सक्ने सम्भाव्य जोखिम न्यूनीकरण गर्ने नीति अवलम्बन गरी बिमालगायतका जोखिम हस्तान्तरणका विधिको कार्यान्वयनलाई उच्च प्राथमिकता दिई लागू गरिनेछ ।

३३. समुदायमा आधारित विपद् व्यवस्थापनलाई विस्तार गरी स्थानीय तथा परम्परागत ज्ञान, सीप, प्रविधि र अभ्यासको प्रवर्द्धन गर्दै उपलब्ध स्रोत र साधनको उच्चतम परिचालन गर्ने नीति अवलम्बन गरिनेछ।

३४. प्रदेशमा एकीकृत जलश्रोत तथा जलाधार व्यवस्थापन, पर्यावरण र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी गुरुयोजना बनाई कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ ।

३५. चुरे क्षेत्रको जोखिम कम गर्न केन्द्रीय सरकारद्वारा तयार गुरुयोजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

३६. विपद् संवेदनशीलताको अवधारणा अनुरुप सार्वजनिक भौतिक संरचनाहरू लाई सबै वर्गको पहुँच सुनिश्चित गर्न समावेशीमैत्री बनाइनेछ ।

३७. विपद्का कारण हुनसक्ने क्षतिको परिपूर्तिका लागि निजी, सरकारी तथा सामुदायिक भवन, शैक्षिक तथा स्वास्थ्य सम्बन्धी संरचनाहरू, खानेपानीलगायतका भौतिक पूर्वाधार, भूमि र कृषिबालीको बिमा गर्न प्रोत्साहन गरी जोखिम हस्तान्तरणका विधि अपनाउने नीति अवलम्बन गरिनेछ ।

३८. जीविकोपार्जनका उपायहरूलाई विविधिकरण गरी विपद् उत्थानशील समुदाय निर्माण गरिनेछ ।

३९. विपद् उत्थानशील विकासको सुनिश्चितताका लागि निजी क्षेत्रको संलग्नता बढाई, बैंक तथा वित्तीय संस्था, बिमा कम्पनी, विकास साझेदार र दातृ संस्थाको लगानी प्रवर्द्धन गर्न प्रोत्साहन गरिनेछ ।

४०. शैक्षिक संस्था, अस्पताल तथा आश्रय स्थलजस्ता आधारभूत सेवा प्रदायक निकायको क्षमतामा स्तरोन्नती गरी आपत्कालीन अवस्थामा सहज र समुचित उपयोग गर्ने व्यवस्था गरिनेछ ।

४१. प्रदेशको पर्यटन क्षेत्रमा विपद् पूर्वतयारी तथा जोखिम न्यूनीकरणका लागि क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल र उड्डयन क्षेत्रको जोखिम न्यूनीकरण तथा प्रतिकार्य इकाईको संरचना निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

४२. प्राकृतिक प्रकोप र जलवायुजन्य जोखिम न्यूनीकरण, प्रतिकार्य तथा पूर्वतयारीका लागि ठूला नदी प्रणाली तथा जलाधार क्षेत्र एवं हिमशृङ्खला आधारित पूर्वसूचना प्रणालीको प्रवर्द्धन गरी सञ्जालीकरण गर्ने नीति लिइनेछ ।

४३. प्रदेश र स्थानीय तहमा क्षमताअनुरुप विभिन्न स्तरका खोज तथा उद्धार टोलीको गठन गरी तिनको क्षमता विकास गरिनेछ ।

४४. विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन प्रदेशमा स्वयंमसेवक व्यूरोको गठन गरी क्षमता अभिवृद्धि गरिनेछ ।

४५. विपद् प्रतिकार्यलाई सहभागितामूलक, प्रभावकारी र मानवीय सहयोगलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरुप बनाउने नीति अवलम्बन गरिनेछ ।

४६. ठूला विपद्को समयमा संघीय सरकारमार्फत् अन्तर्राष्ट्रिय जगतबाट प्राप्त हुने मानवीय सहयोग परिचालनलाई चुस्त बनाउने नीति लिइनेछ ।

४७. आपत्कालीन प्रतिकार्यलाई समावेशी र प्रभावकारी बनाउन सुदृढ पूर्वतयारी, खुला क्षेत्रको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

४८. आपत्कालीन भण्डारगृहको स्थापना गरी आवश्यक पर्ने उद्धार तथा राहत सामाग्री खोप तथा औषधि भण्डारण गरिनेछ ।

४९. प्रादेशिक र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूको क्षमता विकास गरी घटना प्रतिकार्य पद्धतिलाई स्थानीय तहसम्म विस्तार गरिनेछ ।

५०. प्रदेश, स्थानीय तह र समुदाय स्तरसम्म कानूनबमोजिम विपद् जोखिम व्यवस्थापन कोषको स्थापना गरी विपद् प्रभावित समुदायमा तत्काल राहत तथा मानवीय सहयोग एवं पुनर्स्थापना कार्यका लागि सहयोग उपलब्ध गराउने नीति लिइनेछ ।

५१. स्थानीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउन प्राविधिक सहयोग उपलब्ध गराइनेछ । साथै सरकारी, निजी तथा गैह्रसरकारी क्षेत्रहरूको व्यवसाय निरन्तरता योजना बनाई कार्यान्वयन गरिनेछ ।

५२. प्रदेश र प्रदेशबाहिर समेत हुनसक्ने प्रकोपका घटनाहरूको नियमित अनुगमन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली विकास गरी त्यसका आधारमा पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिनेछ ।

५३. विपद्पछि गरिने पुनर्लाभ, पुनर्निर्माण, पुनःस्थापनजस्ता कार्यबाट नयाँ जोखिम उत्पन्न हुन नदिने व्यवस्था सुनिश्चित गर्दै विश्वव्यापी रूपमा स्वीकार गरिएको "अझ बलियो र अझ राम्रो" अवधारणालाई प्रोत्साहन गरिनेछ ।

५४. विपद्पछिको पुनर्लाभ, पुनर्निर्माण र पुनःस्थापनमा सामाजिक सुरक्षा कार्यक्रमलाई समाहित गरी प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

## ८. नीतिको कार्यान्वयन

८.१. यस नीतिको कार्यान्वयनका लागि विपद् जोखिम व्यवस्थापनसँग सम्बन्धित क्षेत्रमा सुदृढ संस्थागत व्यवस्था गरिनेछ ।

८.२. प्रदेश सरकारले यस नीतिको समन्वयात्मक र प्रभावकारी कार्यान्वयनका लागि प्रत्येक मन्त्रालय र मातहतका निकायमा विपद् व्यवस्थापन इकाई र सम्पर्क व्यक्तिको व्यवस्था गरी विपद्सम्बन्धी आफ्नो विषयगत क्षेत्रका सूचना तथा तथ्याङ्क व्यवस्थापन गर्दै विपद् संवेदनशील कार्यक्रम तर्जुमा तथा कार्यान्वयनलाई सुनिश्चित गरिनेछ ।

८.३. विपद् उत्थानशीलता अभिवृद्धिका लागि प्रदेशले तयार गर्ने विकासका विषयगत क्षेत्रका आवधिक र वार्षिक योजनामा जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई मूलप्रवाहीकरण गरिनेछ ।

८.४. नीति कार्यान्वयन तथा व्यवस्थापन पद्धतिमा समयानुकूल सुधार गर्नका लागि सम्बन्धित विषयगत मन्त्रालय तथा निकायहरूको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गरी आवश्यकता अनुसार पुनः संरचना गरिनेछ ।

८.५. यस नीतिको योजनाबद्ध कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजना, प्रदेश विपद् पूर्वतयारी तथा

प्रतिकार्य योजना, पुनर्लाभ, पुनर्निर्माण तथा पुन:स्थापन कार्यविधि तर्जुमा गरी लागू गरिनेछ ।

८.६. प्रदेशमा आइपर्ने आपत्कालीन अवस्थाको सामनाका लागि प्रदेशको कार्यक्षेत्रभित्र प्रतिकार्यका लागि स्थायी आदेश जारी गर्ने नीति अवलम्बन गरिनेछ ।

८.७. प्रदेशका सबै विषयगत मन्त्रालय तथा निकाय र स्थानीय तहको आवधिक तथा वार्षिक कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शनका रूपमा लिइनेछ ।

८.८. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन प्राकृतिक स्रोत र साधनको नक्साङ्कन गरी दिगो उपयोगका माध्यमबाट संरक्षण गरिनेछ ।

८.९. नीतिको प्रभावकारी कार्यान्वयनको लागि प्रदेश र स्थानीय तहमा सरकारी, निजी, गैरसरकारी संस्था तथा सरोकारवालाहरूबीच समन्वय र सहकार्य गरिनेछ ।

## ९. समन्वय, अनुगमन तथा मूल्याङ्कन

९.१. नीतिको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश सरकारले सबै स्थानीय तहबीच समन्वय सयन्त्रको विकास गर्नेछ । प्रदेश समन्वय परिषद र प्रदेश विकास समस्या समाधान समितिलाई सक्रिय बनाई विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाइनेछ ।

९.२. प्रदेश सरकारले आवश्यकताअनुसार केन्द्र सरकारसँग समेत सहयोग लिएर अन्तरप्रदेश र अन्तर स्थानीय तहबीच समन्वय गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनेछ।

९.३. विपद् व्यवस्थापन परिषद् र विपद् व्यवस्थापन कार्यकारी समितिले यस नीतिअनुरूप भएका कार्यको सूचकसहित अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

९.४. जोखिम न्यूनीकरणमा भएका कार्यबाट समुदायमा प्रवाह भएको सुविधा र प्रतिफल, प्रभावित समुदायको उत्थानशीलतामा आएको परिवर्तन, विपद् प्रतिकार्यमा भएको सुधारजस्ता विषयलाई आधार मानेर सूचक तयार गरी अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

९.५. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी सम्पूर्ण विवरण वार्षिक रूपमा अद्यावधिक गरी प्रकाशन गरिनेछ ।

## १०. नीति पुनरावलोकन

यस नीतिलाई आवश्यकता अनुसार विपद् व्यवस्थापन परिपद्को निर्णयअनुसार पुनरावलोकन गरिनेछ।